नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
कास्की
Phone: ०६१५२८६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.co
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८२/८३
च नं ९३

## सुचिकृत तथा प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति २०८२/०४/१६

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम तपसिलका क्षेत्रहरुमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/उद्यमी/फर्म/समिति/कम्पनिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र अर्थात् मिति २०८२ भाद्र १९ गते भित्र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मालेपाटन, कास्कीमा तोकिएको ढाँचा अनुसार सुचिकृत भइ आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल:**

**१. कार्यक्षेत्र**

| क्र.सं. | स्थानीय तह | तरकारी सुपरजोन अन्तर्गतका कार्यक्षेत्र | अलैची जोन अन्तर्गतका कार्यक्षेत्र | गाई/भैसी जोन अन्तर्गतका कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | अन्नपूर्ण गाउँपालिका | १,२,३,४,५,६,८,९,१० | १,२,३,४,५,७,८,९,१०,११ | १,२,३,५ |
| २ | माछापुच्छ्रे गाउँपालिका | २,३,४,६,७ | २,५,६,७,८,९ | ३,४,५,६ |
| ३ | रुपा गाउँपालिका | १,२,३,४,५,६,७ | २,५,६,७ | १,२,३,६,७ |
| ४ | मादी गाउँपालिका | ४,५,७,९,१०,११,१२ | १,२,३,८,१०,११ | ३,४,५,७,१२ |
| ५ | पोखरा महानगरपालिका | सबै वडाहरु | १६,१९ | ११,१४,१५,१६,१९, २०,२५,२६,२७,२८, २९,३०,३१,३२,३३ |

**२. स्वीकृत वार्षिक कार्यक्रमहरुको विवरण**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | लक्ष्य (इकाई) | बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|
| | **जिल्लाभरबाट आवेदन दिन सकिने कार्यक्रम** | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ४ (संख्या) | २५ | |
| २ | कृषि उपज सङ्कलन/प्रशोधन/भण्डारण/ब्रान्डीङ तथा बजारीकरण सहयोग | १ (पटक) | १० | तरकारी, अलैची र दुधलाई प्राथमिकता दिइनेछ |
| ३ | गत वर्षका चक्लावन्दी कार्यक्रमलाई निरन्तरता दिने | १ (पटक) | ८ | |
| ४ | असिना जाली वितरण | ५० (संख्या) | ५ | |
| ५ | नर्सरी स्रोत केन्द्र स्थापना/सुदृढीकरण | २ (वटा) | ६ | तरकारी, अलैची र घाँस/डाले घाँस लाई प्राथमिकता दिइनेछ |
| ६ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ (पटक) | ४५ | तरकारी सुपरजोन, अलैची जोन र गाई/भैसी जोन अन्तर्गत मात्र |
| ७ | कृषि बजार, भण्डारण पूर्वाधार, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | ५ (संख्या) | ३० | |
| ८ | व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम | २ (पटक) | ७.२ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
कास्की

Phone: ०६१५ ८२६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८२/८३
च नं ९३

| | | | | |
|---|---|---|---|---|
| ९ | मासु निर्यात अभिवृद्धिका लागि राँगा/भैंसी प्रवर्द्धन कार्यक्रम | ३ (पटक) | ३० | |
| १० | प्रांगारिक मल/भर्मी कम्पोस्ट प्रवर्द्धन कार्यक्रम | १ (पटक) | १.८ | |
| | **चैते धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत** | | | |
| ११ | चैते धानको क्षेत्रफल विस्तार | ५० (हेक्टर) | ९ | |
| १२ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ (पटक) | १० | |
| १३ | राइस ट्रान्सप्लान्टरको प्रयोग गरी धान रोप्नको लागि सामुदायिक नर्सरी स्थापना सहयोग | ४ (संख्या) | ४ | |
| १४ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १० (संख्या) | २५ | |
| | **तरकारी सुपरजोन अन्तर्गतका कार्यक्षेत्रबाट आवेदन दिन सकिने कार्यक्रम** | | | |
| १५ | अकबरे खुर्सानी/कुरिलो उत्पादन प्रवर्द्धन | १ (पटक) | २.७ | |
| १६ | हाईटेक संरचना सुदृढीकरण तथा संचालन सहयोग | ५ (संख्या) | २७ | |
| १७ | सुपरजोन प्रभाव क्षेत्रमा तरकारी बीउ उत्पादन तथा प्रशोधन सहयोग | १ (पटक) | २.७ | |
| १८ | तरकारी बालीमा थाँक्रा व्यवस्थापन सहयोग | १ (पटक) | ५ | |
| १९ | स्थायी प्लास्टिक टनेल निर्माण एवं संरक्षित संरचना सुदृढीकरण | ४५ (संख्या) | ४५ | |
| २० | आधुनिक प्रविधिबाट च्याउ उत्पादनका लागि हाइटेक संरचना निर्माण | ३ (पटक) | ६० | |
| २१ | च्याउ उत्पादन संरचना निर्माणमा सहयोग | ६० (संख्या) | ३० | |
| २२ | तरकारी क्षेत्र विस्तारका लागि अस्थाई प्लास्टिक टनेल निर्माण सहयोग | ६ (हेक्टर) | ६६ | |
| २३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ४० (संख्या) | ५० | |
| | **अलैची जोन अन्तर्गतका कार्यक्षेत्रबाट आवेदन दिन सकिने कार्यक्रम** | | | |
| २४ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार | १५(हेक्टर) | ९.४५ | |
| २५ | सुधारिएको अलैची भट्टी निर्माण सहयोग अनुदान | ४ (वटा) | १० | |
| २६ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १० (संख्या) | १५ | |
| | **गाई/भैंसी जोन अन्तर्गतका कार्यक्षेत्रबाट आवेदन दिन सकिने कार्यक्रम** | | | |
| २७ | पाडा/पाडी/बाच्छी उत्पादन प्रवर्द्धन कार्यक्रम | १०० (संख्या) | १० | |
| २८ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १३ (संख्या) | ११.०५ | |
| २९ | भकारो तथा गोठ सुधार कार्यक्रम | ८० (संख्या) | २० | |
| ३० | दुग्ध संकलन तथा चिस्यान केन्द्र स्थापना एवं सुदृढीकरण | ४ (संख्या) | २० | कृषि सहकारीलाई प्राथमिकता दिईनेछ |
| ३१ | दुग्धजन्य उत्पादन प्रवर्द्धनमा प्रयोगहुने सामग्री वितरण | १ (पटक) | ४ | |

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
कास्की

Phone: ०६१५२३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८२/८३
च नं ९३

**द्रष्टव्यः**

- पूर्वाधार निर्माणका लागि अधिकतम ८५ प्रतिशत र यन्त्र उपकरण तथा अन्य प्रशोधन सामाग्रीमा अधिकतम ५० प्रतिशतसम्म अनुदान उपलब्ध हुनेछ।
- अस्थायी/स्थायी प्लाष्टिक घर निर्माण कार्यक्रम अन्तर्गत व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुबाट cluster मा कार्यक्रम सञ्चालन गर्नेहरुलाई प्राथमिकता हुनेछ।
- गाई/भैसी जोन अन्तर्गतका कार्यक्रमहरुमा आवेदन पेश गर्न कम्तिमा ५ वटा माउ गाई/भैसी पालन गरी विक्री वितरणको कार्य गरेको हुनुपर्नेछ ।
- तरकारी सुपरजोन र अलैची जोन अन्तर्गतका कार्यक्रमहरुमा कम्तिमा ३ रोपनी जग्गामा व्यवसायिक तरकारी/अलैंची खेती गरेका कृषि समूह/सहकारी/उद्यमी/फर्म/समिति/कम्पनिहरुलाई प्राथमिकता दिईनेछ ।
- आवेदन कार्यालयको वेबसाइट https://piukaski.pmamp.gov.np/ र इमेल pmamp.piu.kaski.@gmail.com मार्फत पनि दिन सकिने छ।

**सूचिकृत हुन पेश गर्नुपर्ने कागजातहरु:**

१. सुचिकृत हुने सम्बन्धी निवेदन ।
२. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति तथा कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. कार्यक्रम मागको निवेदन ।
२. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति तथा कृषि फर्म दर्ता तथा नविकारण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को विवरण वा भाडाको जग्गा भएका कम्तिमा ५ वर्षको सम्झौतानामा।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५. कृषक समूह/सहकारी संस्था/समितिको हकमा कार्यक्रम माग सम्बन्धि सो संस्थाले गरेको निर्णयको प्रतिलिपि।
६. कार्यालयले उपलब्ध गराएको फारम अनुसारको प्रस्ताव ।

**थप जानकारीको लागि**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मालेपाटन, कास्की
सम्पर्क नं.: ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३
इमेलः pmamp.piu.kaski.@gmail.com
वेबसाइटः www.piukaski.pmamp.gov.np
Facebook: NAMP PIU Kaski

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकरण"